आज मिति २०८३/०६/२७ गते मङ्गलबारका दिन जिल्ला विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिका अध्यक्ष एवं सिरहा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री शान्तिराज प्रसाईज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी निम्नानुसारको निर्णय गरियो।

उपस्थिति :

क्र.स.	नाम थर	पद	कार्यालय/निकाय	हस्ताक्षर
१	शान्तिराज प्रसाई	प्र.जि.अ.	जिल्ला प्रशासन कार्यालय, सिरहा	
२	चेतराज बराल	स.प्र.जि.अ.	"	
३	विरेन्द्र देव यादव	कार्यालय प्रमुख	जि.वि.व्य.स. तथा जलस्रोत व्यवस्थापन कार्यालय	
४	श्याम बहादुर यादव	नगर प्रमुख	गोलबजार नगरपालिका	
५	पुजा कुमारी साह	MERLO officer	लगा. तथा प्रशासन विभाग	
६	अशोक यादव	कार्यक्रम प्रबन्धक	लमजुङ नेपाल सिटिजन	
७	मनोज कुमार कर्ण	वरिष्ठ प्रशासकीय अधिकृत	डोमिसन वनक्षेत्र कार्यालय, सिरहा	
८	रामनरेश यादव	रा.प्र.प. नि.अध्यक्ष		
९	प्रदिप कुमार साह	इन्जिनियर	ऊर्जा, सिंचाई तथा खानेपानी विभाग सिरहा	
१०	दिनेन्द्र प्रसाद सिंह	सिभिल इन्जिनियर	राष्ट्रिय प्रादेशिक अनुसन्धान केन्द्र सिरहा	
११	दिनेश थापा	R.A.I. प्रमुख	राष्ट्रिय स्वतन्त्र पार्टी	
१२	ई.अजय भगत	सेवि. सचिव	रा.स्व. पार्टी	
१३	दिवाकर यादव	प्रदेश सदस्य	नेपाली कम्युनिष्ट पार्टी	
१४	राजदेव यादव	सभापति	रेडक्रस सिरहा	
१५	शान्तिराज खिष्ट	संयोजक	गैर सरकारी संस्थागठबन्धन	
१६	पंकज कुमार सिंह	अध्यक्ष	जनमत पार्टी सिरहा	
१७	अमरनाथ साह	अध्यक्ष	सिरहा उद्योग वाणिज्य संघ	
१८	सत्यनारायण यादव	अधिवक्ता	गा.पा. सिन्धुली	
१९	डा. राजकुमार साह	का.प्र.	श्री अस्पताल प्रा.वि. सिरहा	

क्र.स.	नाम थर	पद	कार्यालय/निकाय	हस्ताक्षर
20.	सुमन अंगर थापा	ले.ज.ज.	ति.प.बल नं.६ गण हे.क्वा	
21	स राजी थमला	सेनानी	श्री नन्दकेश्वर गण	
22	रमेश थान	कुमा.उ.	जि.प्रका	
23	देवकुमारी महरा	अध्यक्ष	मुक्तिनेपाल गोलबजार	
24	दुर्गा परियार	जि० प्र०	इलेक, सिरहा	
25	शिवशंकर महतो	मेयर	धनगढीमाई नगरपालिका	
26	ईश्वरी प्र. अग्राई	RE, KKR road western part	Golbazar.	
26.	ईश्वल प्रोक	Project Manager Kanchanpur-Kamala Road Project (West)	Kanchanpur - Kamala Road Project (West)	
27	ध्रुव कुमार रा	डिभिजन प्रमुख	डिभिजन प्रमुख	
28.	अनुपम कुमार	इन्जनियर	KKRP west	
30	देव कुमार थाल	अध्यक्ष	प्रादेशिक अस्पताल सिरहा	
29	सुरेन्द्र कोइराला	उपमन्त्री	राजनेता सिरहा	

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा, नेपाल

जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति, सिरहाको बैठक मिति २०८३/०६/२७ को निर्णय।

१. २०८३ श्रावण ०१ देखि हाल सम्म जिल्लामा भएका विपद्जन्य घटनाहरुको जानकारी बैठकमा गराई त्यस्ता घटनाहरुको विश्लेषण समेत गरियो।

२. जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिका विगतमा भएका निर्णयहरुको समिक्षा गरियो।

३. जिल्ला प्रशासन कार्यालय सिरहामा मौजदात रहेको १७६५ कम्वल मध्ये नन्दाबक्स गण चोहर्वालाई १३७ थान, सुखिपुर नगरपालिकालाई २७३ थान र सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा., सिरहालाई ६५ थान गरी जम्मा ४७५ थान कम्वल वितरण गरिकोमा सो वितरणलाई बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो।

४. जिल्ला भित्र करेन्ट लागि मृत्यु भएका घटनाहरुको विश्लेषण गर्दा विभिन्न कारणहरुबाट करेन्ट लागेको पाइएको सन्दर्भमा जिल्ला भित्रका विद्युत बितरण केन्द्रहरुले प्रचारात्मक सामग्री तैयार गरी विभिन्न माध्यमबाट प्रचार प्रसार गर्ने र सम्बन्धित पालिका र वडा सँग समन्वय गरी प्रचारात्मक कार्यक्रम गर्ने व्यवस्था मिलाउने।

५. रसुवा जिल्लाको भोटेकोशी बाढीमा बेपत्ता भएका व्यक्तिहरुको अधिकारिक विवरण यकिन गर्न देहाय बमोजिम गर्ने :

- सम्बन्धित स्थानीय तहले बेपत्ता व्यक्ति यकिन गर्नका लागि सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गर्न आह्वान गरी बढीमा पाँच दिन समयावधि तोकी सार्वजनिक सूचना प्रकाशन गर्ने।
- प्रकाशित सूचना बमोजिम बेपत्ता भएका व्यक्तिको एकाघरका परिवारका सदस्यले बेपत्ता व्यक्तिको नामथर, ठेगाना, उमेर खुल्ने सरकारी कागजात वा पहिचान खुल्ने अन्य कागजात, निज र बेपत्ता व्यक्तिको नाता प्रमाणित हुने कागजात र सोही बाढीमा बेपत्ता भएको हो भन्ने स्वघोषणासहित सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन दिने।
- बेपत्ता भएका व्यक्तिको एकाघर परिवारका सदस्य नभएको हकमा सम्बन्धित वडा अध्यक्षले वडा सचिव र स्थानीय प्रहरीको रोहबरमा सोही बाढीबाट बेपत्ता भएको यकिन गरी सर्जमिन मुचुल्कासहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गर्ने।
- वडा समितिले प्राप्त निवेदनको जाँचबुझ गरी बेपत्ता यकिन गर्न स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा तुरुन्त सिफारिस गर्ने।
- वडा समितिबाट सिफारिससाथ प्राप्त भएका बेपत्ता व्यक्तिहरूको विवरण जाँचबुझ गरी सम्बन्धित स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले बेपत्ता यकिन गर्ने।
- यकिन भएका बेपत्ता व्यक्तिको विवरण सम्बन्धित स्थानीय तहले दाबी विरोधका लागि तीन दिनको म्याद दिई सार्वजनिक गर्ने।

प्रमुख जिल्ला अधिकारी

- सार्वजनिक गरिएको विवरणमा कसैको दाबी विरोध परेमा सम्बन्धित स्थानीय तहले तीन दिनभित्र जाँचबुझ गरी अन्तिम यकिन विवरण सम्बन्धित वडा कार्यालय र जिल्ला प्रशासन कार्यालयमा पठाउने।
- जिल्ला प्रशासन कार्यालयले ५ दिन भित्र जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णय सहित यकिन भएका बेपत्ता व्यक्तिहरुको विवरण प्राधिकरण र प्रदेशको विपद् हेर्ने मन्त्रालयमा पठाउने।

६. मिति २०८३/०४/१४ गते गोलबजार नगरपालिका बजार क्षेत्रमा घटेको घटनामा औरही गाउँपालिका वडा नं.-२ बस्ने रामवृक्ष यादव र कविता यादवको छोरा वर्ष १८ को गणेश यादवको मृत्यु भएको सम्बन्धमा निज मृतकको क्रियाखर्च वापत रु.५०,०००/- (अक्षरेपी : पचास हजार मात्र) मृतकका वुवा रामवृक्ष यादवलाई विपद् व्यवस्थापन कोषबाट भुक्तानी गरिएको खर्च अनुमोदन गर्ने निर्णय गरियो।

७. धनगढीमाई नगरपालिकाको प्रस्ताव बमोजिम नदीको सतह वरपरको वस्ती भन्दा माथि भई वरपरका जमिन कटान गर्न सक्ने जोखिम कम गर्न नदीको बीचमा च्यानलाइज्ड गर्ने सम्बन्धमा र कञ्चनपुर-कमला सडक योजना (पश्चिम खण्ड) को माग बमोजिम गोलबजार नगरपालिकाबाट प्रस्ताव भएको नदीजन्य निर्माण सामाग्री उत्खनन् तथा संकलनका लागि हेवी मेसिन प्रयोग गर्न स्वीकृत दिन अनुरोध भई आएकोमा सो सम्बन्धमा स्थलगत प्राविधिक अनुगमन गरी स्थानीयको राय समेत लिई १५ कार्यदिन भित्र प्रतिवेदन पेश गर्न निम्नानुसारको समिति गठन गरियो।

देहाय :

जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा - संयोजक
यस जिल्ला स्थित क्रियाशिल राजनीतिक दलका प्रमुख/प्रतिनिधि, सिरहा
योजना प्रमुख, कञ्चनपुर-कमला सडक योजना (पश्चिम खण्ड), सिरहा
प्रमुख, भु संरक्षण तथा जलाधार कार्यालय लहान, सिरहा
डिभिजनल प्रमुख, डिभिजन वन कार्यालय लहान, सिरहा
अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, सिरहा
प्रावधिकि शाखा प्रमुख, धनगढीमाई न.पा., सिरहा
प्राविधिक शाखा प्रमुख, गोलबजार न.पा., सिरहा

२०८३।४।२६
प्रमुख जिल्ला अधिकारी